"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल

## पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी जानकारीमूलक सूचना

मिति २०८२ फागुण २८ गते नेपाल राजपत्रमा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचनाका रुपमा प्रकाशित पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी आदेश, २०८२ अनुसार देहाय बमोजिमका कच्चा पदार्थहरु प्रयोग गरी उत्पादन हुने पेट्रोलमा मिसाउन योग्य इथानोल नेपाल आयल निगमले राजपत्रमा उल्लेख भए अनुसारको गुणस्तर र विधि अनुसार खरिद गर्ने भएकोले सम्पूर्ण स्वदेशी उत्पादकहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सो सम्बन्धमा निगमको आधिकारिक वेवसाईट www.noc.org.np मा गएर By Laws भित्र राजपत्रमा प्रकाशित उपरोक्तानुसारको आदेशको पूर्ण व्यहोरा हेर्न सकिने छ । उत्पादन तथा आपूर्ति गर्न इच्छुक उत्पादकहरुले निगममा निवेदन दर्ता गर्न सक्नेछन् ।

**इथानोल उत्पादनमा देहाय बमोजिमका कच्चा पदार्थहरु प्रयोग हुन सक्नेछन् -**

(क) चिनी उद्योगबाट प्राप्त हुने खुदो (मोलासेस),

(ख) नेपियर घाँस,

(ग) खेर जाने कृषि तथा वनजन्य जैविक पदार्थ (बायोमास),

(घ) पराल, मकैको ढोड, गहुँको छ्वाली जस्ता कृषि अवशेष,

(ङ) खाद्यान्नका लागि प्रयोग गर्न नमिल्ने सडेगलेको अन्न,

(च) सिमल तरुल (कास्साभा) र

(छ) कुहाउन (फर्मेन्टेसन) का लागि चाहिने मर्चा (यिस्ट) र अन्य आवश्यक रसायन ।

तर खाद्यान्नको रुपमा प्रयोग हुने अन्न लाई इथानोल उत्पादनमा कच्चा पदार्थको रुपमा प्रयोग गर्न सकिने छैन ।